# तपाईंको बच्चालाई बाल आपतकालीन कक्षमा कहिले लैजाने?

**तर पहिलो कल SNS२४**

**८०८ २४ ८ २४**





## ज्वरो

**३ महिना भन्दा कम:** मलद्वारमा तापक्रम ≥३८°C वा काखीमा जाँचिएको तापक्रम ≥३७.६°C
**३-६ महिनाको बीचमा:** मलद्वारमा तापक्रम ≥४०°C वा काखीमा जाँचिएकोतापक्रम ≥३९°C
**६ महिना भन्दा बढी:** मलद्वारमा तापक्रम ≥४१°C वा काखीमा जाँचिएको तापक्रम ≥४०°

**वा ज्वरोसँगै निम्न लक्षण देखिएमा:**

- छालामा दाग देखिनु
- ओठ र नङ निलो हुनु
- चिच्याउने/रिसाउने,
- ज्वरो आएको पहिलो २४-४८ घण्टा भित्र छालामा दाग देखिनु



## नशा वा व्यवहारमा हुने परिवर्तनहरू

- बेहोस हुनु
- जति खेर पनि निन्द्रा लाग्नु, अत्यधिक रिसाउने, वा सम्झाउन नसकिने गरी रुने
- शरीर अनियमित तरिकाले हल्लिने (झट्का आउनु)
- ,मांसपेशीको शक्ति घट्नु, हिँड्न अस्वीकार गर्नु, वा सन्तुलन गुमाउनु
- आफ्नो ठाउँ छुट्टाउन नसक्नु,बोलीमा परिवर्तन हुनु, वा दृश्यमा गडबडी हुनु
- राति बच्चालाई बिउँझाउने तीव्र टाउको दुखाइ संगै बान्ता वा व्यवहारमा परिवर्तन समेत हुन सक्छ
- आत्महत्या गर्ने सोच वा इच्छा व्यक्त गर्नु

## मुटु र श्वासप्रश्वासमा हुने परिवर्तनहरू



- छाती दुख्नु
- दुखाइले कराउनु
- छालामा स्पष्ट फिकोपन देखिनु, ओठ र/वा औंलाहरू निलो हुनु
- सास फेर्न गाह्रो हुनु:
  - धेरै छिटो सास फेर्न वा लामो समयसम्म श्वासप्रश्वास रोकिनु (>२० सेकेन्ड)
  - लगातार खोकी लाग्नु जसले गर्दा बान्ता हुन्छ वा अत्यधिक र्‍याल निस्कन्छ
  - श्वास फेर्दा छातीको करङ्ग बीचको छाला भित्र तानिनु
  - श्वासप्रश्वासको समय सास भित्र तान्दा साँय-सूँ आवाज निरन्तर आइरहनु

## ग्यास्ट्रिक र आन्द्रामा हुने परिवर्तनहरू



- यदि बच्चा ३ महिना भन्दा कम उमेरको छ र लगातार दुई पटक भन्दा बढी स्तनपान गराउन अस्वीकार गर्छ वा कठिनाइ भइरहेको छ भने
- लगातार बान्ता हुनु, थोरै मात्रामा पानी दिए पनि कुनै प्रतिक्रिया नदिनु
- धेरै समय बित्दा पनि आराम नहुने गरि तीव्र र निरन्तर पेट दुख्नु,
- उल्लेखनीय मात्रामा रगत सहित बान्ता र/वा दिसा हुनु

**शरीरमा पानी कमी हुनुको लक्षणहरू:**

- पिसाबमा उल्लेखनीय कमी आउनु
- अखाँ भित्र फर्किएझैं देखिनु
- जिब्रो सुख्खा हुनु
- रुनु तर आँसु नबग्नु
- निन्द्रा लागिरहनु
- धेरै रिसाउनु

## दुर्घटना



**चोट लागेमा**

- हड्डी भाँचिएर छालाबाट बाहिर देखिनु ,शरीरको भाग असामान्य तरिकाले बांगिएको छ, वा दुखाइ धेरै तेज र निरन्तर भइरहेको छ भने
- गहिरो घाउ वा यस्तो घाउ जसबाट १० मिनेटसम्म दबाब दिदा पनि अत्यधिक रगत बगिरहन्छ भने
- टाउकोमा चोट लागेर बेहोस हुनु, लगातार वाकवाकी लाग्नु, नाक वा कानबाट अत्यधिक रगत बग्नु, नशासँग सम्बन्धित समस्या वा व्यवहारमा परिवर्तन आउनु, वा ठूलो निलो डाम देखिनु

**विषालु कुराखाएको वा सुँघेको**

- बिषालु पदार्थ वा डाक्टरको सल्लाह बिनै औषधि खानु, वा धेरै मात्रामा औषधि खानु
- कुनै वस्तु (धारिलो वस्तु, ब्याट्री, चुम्बक) को सेवन गर्नु
- कुनै बाह्य वस्तु वा विषालु पदार्थ श्वासप्रश्वास मार्फत शरीरभित्र प्रवेश गर्नु

## गुप्तांग वा पिसाबसँग सम्बन्धित परिवर्तनहरू



- अण्डकोष दुख्ने
- पिसाब गर्दा दुख्ने, रातो र फिँजिएको पिसाब आउने
- अत्यधिक प्यास लाग्ने वा बारम्बार पिसाब लाग्छ भने

## गम्भीर एलर्जी



**एलर्जी गर्ने तत्व सँग सम्पर्क हुदा वा नहुदा**

- अचानक छालामा दाग देखिनु
- ओठ/आँखाका डिलहरू सुन्निनु
- सास फेर्न गाह्रो हुनु
- बान्ता/पखाला लाग्नु
- चक्कर लाग्नु/बेहोस हुनु

## छाला, शरीरको भित्री भाग र जोर्नीमा परिवर्तन



- छालाको दाग जुन थिच्दा पनि हराउँदैनन्
- बिना कारण निलो दागहरू देखिनु
- ओठ, आँखाका डिलहरू, अनुहार, हात, वा खुट्टा सुन्निने
- नरोकिने गरि रगत बगने
- गर्मीसँग सम्बन्धित जोर्नी सुन्निने, रातोपन, दुखाइ र हिँड्न गाह्रो हुने

**शंका लागेमा, आफ्नो स्वास्थ्य केन्द्रमा सम्पर्क गर्नुहोस् र सधैं SNS२४ मा कल गर्नुहोस्।**

पोर्चुगिज सोसाइटी अफ पेडियाट्रिक्स (२०२०) को पेडियाट्रिक इमर्जेन्सी एण्ड अर्जेन्सी सोसाइटीमा आधारित, NIALP (२०२५) को लागि आना गोर्जाओ (ULS साओ जोसे) द्वारा अनुकूलन र अनुवाद।